जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २८४ पृष्ठः ४ | २०८० फाल्गुन २२ गते मंगलबार (Tuesday 05 March 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

# सत्ता समीकरण परिवर्तनः चार दलबिच ८ बुँदे सहमति

## राष्ट्रियसभा अध्यक्ष माओवादी र उपाध्यक्ष एमालेले पाउने



काठमाडौं, २१ फाल्गुन। नयाँ सत्ता समीकरणका लागि चार दलबिच ८ बुँदे सहमति भएको छ। नेकपा एमाले, माओवादी केन्द्र, रास्वपा र जसपाबिच ८ बुँदे सहमति भएको हो। राष्ट्रिय आवश्यकता र जनचाहनाअनुसार सरकारको कामलाई अझ प्रभावकारी बनाउन तथा मुलुकको सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका पक्षमा समान सोच राख्ने दलहरूका बिचमा सहकार्य आवश्यक रहेको महसुस गरी चार दलको संयुक्त सरकार गठन गर्ने निष्कर्षमा पुगिएको सहमतिपत्रमा उल्लेख छ। सहमतिपत्रमा सरकारको नेतृत्व नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गर्ने उल्लेख छ। यस्तै रिक्त रहेको राष्ट्रियसभाको अध्यक्षमा नेकपा माओवादी केन्द्रका उम्मेदवार र उपाध्यक्षमा नेकपा एमालेका उम्मेदवारलाई समर्थन गर्ने सहमतिपत्रमा उल्लेख छ।

यसैगरी सरकारमा सहभागी भएका दलहरूका बिचमा आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने र त्यसरी बाँडफाँट गर्दा मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने सहमति भएको छ। यस्तै सङ्क्रमणकालिन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुंग्याउने गरी सहमति पनि भएको छ। यसैगरी संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने समेत सहमतिपत्रमा उल्लेख छ।

सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूका बिचमा साझा न्यूनतम कार्यक्रम तयार गर्ने, सहमतिअनुसार नयाँ संयुक्त सरकार गठन गर्ने तथा राजनीतिक स्थायित्वको दिशामा अघि बढ्न पनि सहमति जनाएको छ। सहमतिपत्रमा एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादीका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, जसपाका अध्यक्ष उपेन्द्र यादव र रास्वपाका सभापति रवि लामिछानेले हस्ताक्षर गरेका छन्।

# छोरा अपहरण गरेको भन्दै पैसा माग्ने तीन पक्राउ

धनुषा, २१ फाल्गुन। छोरालाई अपहरण गरेको धम्की दिँदै पैसा माग्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा झापाको मेचीनगर नगरपालिका-६ मा बस्ने २६ वर्षीय सविन मैनाली, सोही नगरपालिकाको वडा नं.१० मा बस्ने २७ वर्षीय शुभम मैनाली र सुनसरीको धरान उप महानगरपालिका-३ बस्ने १९ वर्षीया आशिका बराइली रहेका छन्।

उनीहरूले गत फागुन ५ गते बिहान सप्तरी राजविराज नगरपालिका वडा नं. ७ बस्ने पीडितलाई ह्वाट्स एपबाट कल गरी 'तपाईंको छोरा मेरो कब्जामा छ, छोरा चाहिन्छ भने मैले भने बमोजिम रकम पठाउनुस्, यो कुरा अन्य कसैलाई जानकारी गराएमा तपाईंको छोरालाई मारी दिन्छु' भन्दै धम्की दिएका थिए। पीडितलाई विभिन्न किसिमको डर त्रास देखाई विभिन्न व्यक्तिहरूको फरकफरक खातामा १२ लाख ८० हजार रुपैयाँ जम्मा गर्न लगाएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक श्याम कुमार महतोले जानकारी दिए।

उनीहरूले ह्वाट्स एपको प्रोफाइल पिक्चरमा प्रहरी वरिष्ठ अधिकृतको फोटो समेत दुरुपयोग गरेको देखिएको महतोको भनाई छ। यस विषयमा अनुसन्धान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट परिचालित प्रहरी टोलीले ठगीमा संलग्न देखिएका उनीहरूलाई फागुन १८ गते पक्राउ गरेको हो। पीडितको जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा ठगी (अनलाइन) शीर्षकमा मुद्दा दर्ता गरी जिल्ला अदालत सप्तरीबाट अनुसन्धानको लागि दिन ७ म्याद थप गरी अनुसन्धान भइरहेको महतोले बताए।

# प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद् पुनर्गठन, तीन विनाविभागीय मन्त्रीले लिए शपथ

काठमाडौं, २१ फाल्गुन। राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त तीन बिना विभागीय मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएको छ। राष्ट्रपति भवनमा आयोजित शपथ समारोहमा राष्ट्रपति पौडेल समक्ष बिना विभागीय मन्त्री नेकपा (माओवादी केन्द्र) का हितबहादुर तामाङ, नेकपा (एमाले)का पदम गिरी र राष्ट्रिय स्वतन्त्र पार्टीका डोलप्रसाद अर्यालले सोमबार पद तथा गोपनीयताको शपथ लिएका हुन्। शपथ समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेसहित संवैधानिक निकायमा प्रमुख, कूटनीतिक नियोगका उच्च अधिकारी र उच्च पदस्थ सरकारी कर्मचारीको उपस्थिति थियो।



प्रधानमन्त्री प्रचण्डले आजै मौजुदा मन्त्रिपरिषद्रु फेरबदल गर्दै तीन सदस्यीय बिना विभागीय मन्त्री नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेका थिए। प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति पौडेलले संविधानको धारा ७६ को उपधारा (९) बमोजिम मन्त्रिपरिषद् गठन गर्दै कार्यविभाजन गरेका हुन। नव नियुक्त मन्त्रीले संविधानको धारा ८० बमोजिम राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिएको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिए। कार्यभार पछि तोक्ने गरी नवनियुक्त तीन मन्त्रीले शपथ लिएका छन्। २०७९ पुस ११ गते नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बनेयता यो १३ औँ पटक मन्त्रिपरिषद् हेरफेर भएको हो। २०७९ को पुसदेखि चैतसम्म सात पटक मन्त्रीको जिम्मेवारी फेरबदल भयो। २०८० सालको वैशाखदेखि फागुन २१ गते सोमबारसम्म ६ गरेर १३ औँ पटक मन्त्रिपरिषद् हेरफेर भएको छ।

२०७९ पुस ११ गते गठन भएको मन्त्रिपरिषद् माघ ३, १४, २३, फागुन १४ र १६, चैतको १७ गते विस्तार भएको थियो। त्यसैगरी २०८० साल वैशाख ३, २१, २४ जेठ ९ गते फेरबदल भएको मन्त्रिपरिषद्ले जेठ १० गते पूर्णता पाएको थियो।




# पोखरीमा डुबेर बालिकाको मृत्यु

सप्तरी, २१ फाल्गुन। सप्तरीमा सोमबार बिहान पोखरीमा डुबेर ४ वर्षीया बालिकाको मृत्यु भएको छ। जिल्लाको बोदेबर्साइन नगरपालिका-१ धनगढी टोल बस्ने प्रमोदकुमार साहकी छोरी ४ वर्षीया छोरी रितिकाकुमारी साहको पोखरीमा डुबेर मृत्यु भएको हो। प्रहरीका अनुसार सोही ठाउँस्थित सार्वजनिक पोखरीमा डुबेर बालिकाको मृत्यु भएको हो। घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान भैरहेको जानकारी दिएको छ।

## सम्पादकीय

# राष्ट्रियसभाको मुहार पनि चम्किलो पारौँ

माथिल्लो सदन राष्ट्रियसभामा आज ६ वर्षे कार्यकालसहित एकतिहाइ नयाँ अनुहार प्रवेश भएका छन्। परिपक्व र अविच्छिन्न सदन राष्ट्रियसभामा दुई/दुई वर्षमा एकतिहाइ फेरबदल हुन्छन्। चुनावका बेला या विघटनका अवस्थामा प्रतिनिधिसभा खाली हुन्छ, तर राष्ट्रियसभाका हकमा कहिल्यै खाली हुँदैन। संविधानतः अविच्छिन्न सदन हो, राष्ट्रियसभा। एकतिहाइ नयाँ अनुहारको प्रवेशसँगै राष्ट्रियसभाको कर्म–व्यवहार चम्किलो पार्नुपर्ने दायित्व छ। नयाँ सांसदहरूमा अवश्य जोस–जाँगर हुन्छ नै। तिनले अब दुईतिहाइलाई जोसिलो गराउनुपर्नेछ।

नयाँ जोससँगै थन्किएका विधेयकलाई कानुनी रूप दिलाउनेदेखि संविधान कार्यान्वयन निम्ति प्रस्तुत हुनै नसकेका विधेयक प्रस्तुत गर्न सरकारसामु दबाब बढाउन सक्नुपर्छ। तर, राष्ट्रियसभाका विगत कार्यशैली हेर्दा जुन मक्सद हो, दलहरूले त्यही शैलीमा नबुझ्दा प्रतिनिधिसभाकै विस्तारित सभामा सीमित भएको टीकाटिप्पणी बाक्लिएको छ। अझ कतिपयले त 'उप–प्रतिनिधिसभा' दर्जा समेत दिएकै हुन्। खासमा विषयविज्ञ, ज्ञानले खारिएका, सीमान्तकृत समुदाय हुँदै राज्यका निम्ति योगदान दिन सक्ने व्यक्ति पुर्‍याउँदै परिपक्व निर्णय लिइने अपेक्षासहित राष्ट्रियसभा चाहिएको हो। अर्थात्, त्यो थलो राष्ट्रका निम्ति विशिष्ठ योगदान दिएका विज्ञ–बौद्धिक पात्रहरूले भरिभराउ हुनुपर्थ्यो। राष्ट्रियसभा चुनावका बेला जे–जस्ता दृश्य मञ्चन भए, प्रतिनिधित्व शैली संवैधानिक सोचविपरीत भएको आमटिप्पणी रहृयो। कुनै पनि दलले विज्ञ–विशेषज्ञ खोजेनन्, तिनले प्रतिनिधिसभा, प्रदेश र स्थानीय तहमा चुनाव हारेका व्यक्तिदेखि अन्य विषयमा कुनै दक्खल नभएका राजनीतिक पात्रहरू टिपे। अर्थात्, राष्ट्रियसभामा दलीय प्रतिनिधित्व शैली खोटपूर्ण देखिएकै हो।

त्यसैका कारण ६ वर्षे राष्ट्रियसभाकाल संसदीय अभ्यासका हिसाबले आशालाग्दो देखिएन। अझ प्रतिनिधिसभाकै छायामा राष्ट्रियसभा परेको पनि देखियो। कुनै राजनीतिक घटनाक्रमले प्रतिनिधिसभा अवरुद्ध हुँदा या बहिष्कार हुँदा त्यही शैली राष्ट्रियसभा देखिनु उचित होइन। राष्ट्रियसभाका मूल दायित्व विधि निर्माणमा सक्रिय हुनु र संघीयता कार्यान्वयनका हकमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने थियो, त्यसमा चुकेकै हो। संघीयता धरापमै पार्ने शैलीमा टीकाटिप्पणी आउनुमा राष्ट्रियसभाले तिनका बाधा–व्यवधानमा घनीभूत छलफल गर्न या गराउन नसक्नु पनि हो। राष्ट्रियसभा सदस्यका मतदाता प्रदेश र स्थानीय तह हुन्। प्रतिनिधिसभाका सदस्य जसरी आफ्ना निर्वाचन क्षेत्रमा मतदातालाई खुसी राख्न हरतरह खटिरहेका हुन्छन्, त्यसरी राष्ट्रियसभाले पनि प्रदेश–स्थानीय तहका भावनादेखि तिनले भोगेका समस्यासम्म निष्कर्ष खोज्दै कार्यकारिणीलाई घचघचाउनु मूल कर्म हो।

संविधान कार्यान्वयनमा आएको आठ वर्ष पूरा भइसक्दा पनि प्रदेश–स्थानीय तहले संविधानतः कानुन पाएका छैनन्। दलहरू 'दाउपेच'मै मात्र घोत्लिएपछि एक अधिवेशनकालमा एक विधेयक मात्र पारित हुने स्थिति पैदा भएको छ। संविधानका ती प्रावधान खालि सजाउन राखिएसरह भएको छ। तिनका निम्ति आवश्यक कानुननिम्ति संघीय सरकारलाई जसरी दबाब दिइरहनुपर्ने थियो, त्यो भूमिका निर्वाहमा राष्ट्रियसभा चुकेको हो। नागरिक तहसम्म 'संघीयताको स्वाद' नपुग्नुको कारण खोजी भएको पाइँदैन। संघीयता चुस्त बनाउनेभन्दा भड्किलो बनाउने 'फेसन' पनि चलेको छ। त्यस्ता दृश्यले पनि संघीयता बोझिलो हुने हो कि भन्ने आशंका गर्नेहरूको संख्या बढ्दै छ। दलीय कहल, आन्तरिक कहल, सरकार फेरबदलका खराबी खेलका दृश्य राष्ट्रियसभा मञ्चन हुनु हुँदैन। संविधानतः सरकार फेरबदलमा राष्ट्रियसभाको भूमिका हुँदैन। तर, राष्ट्रियसभा दलीय राजनीतिक पात्रहरूले मात्र भरिएपछि राजनीतिक थलोझैँ बनेको छ। प्रतिनिधिसभामा अधिक राजनीति हुन्छ, त्यही रूप राष्ट्रियसभामा देखिएपछि उसको भूमिकामा प्रश्न उब्जिनु अनौठो ठान्नु हुँदैन। तिनै दृश्य मूल्यांकन गर्दै संसदीय मामिलाका जानकारहरू बेलाबखत टिप्पणी गर्छन्, 'प्रतिनिधिसभामा पानी पर्‍यो भने राष्ट्रियसभाका सदस्यहरू छाता ओढ्छन्।'

त्यस्ता टिप्पणीबाट बच्न राष्ट्रियसभा राजनीतिक दाउपेचभन्दा माथि उठ्नुपर्छ। मुलुकले भोगेको नीतिगत समस्यामा घोत्लिँदै कार्यकारिणीलाई सचेत तुल्याउनेमा केन्द्रित हुनुपर्छ। राष्ट्रियसभाको शपथ लिँदै सदन प्रवेश गरेका नवनिर्वाचित माननीयहरूले आफ्नो जिम्मेवारी र कामको पहिचान गरी अघि बढ्नुपर्नेछ। सँगै आफ्नो र प्रतिनिधिसभा सदस्यको दायित्व फरक हो भन्ने बुझ्नुपर्छ।

प्रतिनिधिसभा सदस्यहरू आफ्नै निर्वाचन क्षेत्रका प्रश्नमा अल्झन सक्छन्, राष्ट्रियसभाका सदस्यहरूले राष्ट्रियस्तरको प्रश्न गर्न सक्नुपर्छ। सरकारलाई जवाफदेही–जिम्मेवार बनाउने एउटा 'अस्त्र' प्रश्न पनि हो। संघीयता कार्यान्वयनका सवालमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गराउन सक्नुपर्छ, राष्ट्रियसभाले। त्यो सन्दर्भमा सरकारका खराबीमा निगरानी गर्नु, संसद्–संसदीय समितिका कामका अतिरिक्त निर्देशनको अनुगमन गर्ने दायित्व पनि रहन्छ नै। दलीय राजनीतिभन्दा माथि उठ्दै समग्र राज्यको चिन्तन गर्न सके मात्र राष्ट्रियसभाको औचित्य कायम रहला, नत्र राज्यलाई खर्च बढाउने संस्थाका रूपमा चित्रण हुनेछ।

# कांग्रेसको 'पुर्पुरोमा हात' ! प्रचण्डको बांगोटिंगो पाइलामा ओलीको रातो कार्पेट

### महासमिति र अर्थमन्त्री बहाना, 'कोर्स करेक्सन'मा तीन महिनादेखि गृहकार्यमा थिए वर्षमान पुन

काठमाडौं, २१ फाल्गुन। नेपालमा मौसम र राजनीतिको भरै हुँदैन भनिन्थ्यो। मौसम पूर्वानुमान महाशाखाले आजकल आधुनिक प्रविधिसँगै मौसमबारे पूर्वानुमान ठ्याक्कै मिलाउँदै छ। तर, राजनीतिको कसैले सक्ने अवस्था छैन। दिनभर सार्वजनिक मञ्चमा एकले अर्कालाई गालीगलौज गर्दै कार्यकर्ता उचालेका नेता बेलुकी एउटै 'बार'मा भेटिनु नेपालको राजनीतिमा नौलो कुरा होइन। दिनभर एउटै मञ्चमा बसेका नेताले बेलुकी उसैका विरुद्ध 'छुरा हान्ने' प्रवृत्ति पनि नेपालमा नौलो रहेन।

विगतदेखिका राजनीतिक घटनाक्रम नियाल्ने हो भने यस्तै देखिन्छ। झन् नेपालको संसदीय राजनीतिमा प्रचण्ड हाबी भएपछि यसको हावा कताबाट बहन्छ, कसैले ठम्याउन सक्दैन। २०७९ साल मंसिरको निर्वाचनपछि सरकारको नेतृत्व पहिला कसले गर्ने भन्ने विषयमा कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच मनमुटाव देखियो। दुवै एउटै गठबन्धनबाट चुनाव लडेका नेता थिए। पाँचै वर्ष स्थायी सरकार दिने, केपी शर्मा ओलीको निरंकुशता र संविधान मास्ने प्रयास गरेकाले त्यस प्रवृत्तिविरुद्ध उभिने निर्णय उनीहरूको थियो।

सरकारको नेतृत्व पहिले कसले गर्ने भन्ने विवादपछि प्रचण्डले भावुक कारण देखाए, 'मैले मृत्युशय्यामा रहेकी श्रीमतीलाई पनि सरकारको नेतृत्व पुनः गर्ने भएँ भनेर जानकारी गराइसकेको छु। यो खुसीले उनको स्वास्थ्यमा सकारात्मक असर पार्न सक्छ।' ०७९ पुस १० मा बालुवाटारमा दुई नेताबीच कसले नेतृत्व गर्ने भन्नेमा अन्योलकै अवस्थामा प्रचण्ड खाना खान आफ्नै निवास खुमलटार निस्केका थिए। तर, उनी खुमलटार होइन, एमाले अध्यक्ष ओलीको निवास बालकोट हान्निए। बालकोटले चालेको दोहोरो रणनीतिले प्रचण्ड–ओलीलाई एक ठाउँमा उभ्यायो। देउवालाई किनारामा हुत्याइदियो। उता, बालुवाटारमा देउवा कुरिरहे, प्रचण्डचाहिँ ओलीको साथ लिँदै शपथग्रहणका निम्ति शीतलनिवास पुगे।

ओली र प्रचण्ड मिलेर देउवालाई एक्ल्याएको उनले बालकोटमा भएको सहमति सार्वजनिक भएपछि मात्रै पत्तो पाएका थिए। त्यसरी बनाएको गठबन्धन तोड्न प्रचण्डलाई दुई महिना पनि लागेन। प्रतिनिधिसभामा विश्वासको मत लिने बेलामा सत्तासाझेदार दलका नेता ओलीले दिएको अभिव्यक्ति उनका लागि भारी पर्‍यो। त्यस बेला कांग्रेसले पनि 'रणनीतिक योजना' बनाउँदै प्रचण्डलाई विश्वासको मत दियो। त्यसले एमालेलाई नराम्रोसँग झस्कायो। 'ढोक्सा' नथाप्न ओलीले कांग्रेसलाई चेतावनी नै दिनुपर्‍यो। राष्ट्रपतिको निर्वाचनका बेलासम्म कांग्रेस र माओवादीबीच नयाँ समीकरण बनिसकेको थियो। एमाले अध्यक्ष ओलीलाई 'एउटा अभिव्यक्तिको कारण देखाएर' प्रचण्डले अर्को किनारामा हुत्याइदिए। देउवासँगको सहकार्य अघि बढाए। गत वर्ष फागुनमा भएको राष्ट्रपति निर्वाचनमा माओवादीले कांग्रेस उमेदवारलाई समर्थन गरेपछि एमाले सरकारबाट बाहिरिएको थियो।

तर, ठिक एक वर्षपछि प्रचण्डले कांग्रेसलाई नै 'चकित' पार्ने गरी समीकरण बदले। त्यसो त प्रचण्डको दर्शन हो, 'राजनीतिक बाटो कहिल्यै सोझोसोझो हुँदैन।' प्रचण्डले सोमबार नै भने, "मान्छे दुईवटा खुट्टाले हिँड्नुपर्छ, कहिले दायाँ अघि जान्छ कहिले बायाँ। मलाई अनप्रेडिक्टेबल भन्छन्, तर म त्यस्तो होइन। नेपाली जनताप्रति म इमानदार नै छु। प्रतिक्रियावादीले उपयोग गर्न खोजे भने म कुनै पनि बेला लात्ताले हानेर निस्कन सक्छु। आजको दिनमा फरक दृष्टिले क्रमभंग बन्न गएको छ।"

अर्थात्, कुर्सीका निम्ति प्रचण्डले कहिले दायाँ त कहिले बायाँ खुट्टा अघि लगाइरहन्छन्। उनी बांगोटिंगोमा हिँडिरहँदा 'ढोक्सा'मा कहिले ओली पर्छन् त कहिले देउवा। आफ्नो बांगोटिंगो कार्यशैली प्रचण्ड स्वयंको परिभाषामा 'क्रमभंग' गर्नु हो। समीकरण बदलिने हल्ला विगतदेखि नै नचलेको होइन। एक भेटमा अर्थमन्त्री महतले भनेका थिए, 'म यो कुर्सीमा बसेका दिनदेखि नै परिवर्तन हुने हल्ला सुनिरहेको छु। मलाई हटाउन खोजिएको हो कि नेपालको राजनीति नै यस्तै हो, बुझ्न सकेको छैन।' कांग्रेस र माओवादीलाई एक ठाउँ सत्तास्वार्थले मात्र उभ्याएको थियो। नक्कली भुटानी शरणार्थी प्रकरणमा आरजु देउवा राणाको नाम पोलिएपछि त्यहाँसम्मै पुगेर प्रचण्ड अनुसन्धान गर्न चाहन्थे। तर, त्यो चाहना पूरा हुन सकेन। देउवाकै दबाबका कारण अघि बढ्न सकेन।

पूर्वगृहमन्त्री बालकृष्ण खाँण पत्राउ परे, पार्टीभित्र विरोध भइरहृयो। सरकारको आलोचना भयो, तर देउवाले त्यसलाई पूर्णतः बेवास्ता गरे। कांग्रेस नेताहरू भन्थे, 'देउवाका दुईवटा मात्रै लक्ष्य छन्, शरणार्थी प्रकरणमा आरजुलाई जोगाउने, प्रचण्डलाई नचिढ्याइ शान्तिपूर्ण तरिकाले प्रचण्डबाट सत्ता हस्तान्तरण गराउने, आफूले जसरी पनि सरकारको नेतृत्व गर्ने।' प्रचण्डको पनि देउवाको जस्तै लक्ष्य थियो– देउवालाई सत्ता हस्तान्तरण गर्नुअघि नै समीकरण फेरबदल गरिहाल्ने। ओलीको चाहना पनि यो गठबन्धन कायम हुनु हुँदैन भन्ने थियो। ओली, देउवा–प्रचण्ड गठबन्धनमै उभिन पनि चाहन्थे। राष्ट्रियसभामा भाग खोज्दै पुगेका ओलीलाई त्यस बेला प्रचण्डले छक्याउन सफल भए।

ओलीले त्यसलाई एमालेको बदनामका रूपमा लिए। प्रचण्डलाई 'कोर्स करेक्सन'का लागि एमालेको परीक्षा लिनु थियो। परीक्षामा प्रधानमन्त्री पास भए, ओली फेल। गठबन्धन सरकारमा मन्त्रीहरूले प्रधानमन्त्रीलाई समेत टेर्न छाडेको, एमाले जसरी पनि सत्तामा आउन चाहेको बारे प्रधानमन्त्री जानकार थिए। त्यसमा भित्री रूपमा काम गरिरहेका थिए, माओवादी नेता वर्षमान पुनले। बालुवाटारबाट हरिबोल गजुरेललाई हटाएर दाहालले पुनलाई हाबी गराएका थिए। चीनमा उपचार गराएर फर्किएपछि कुनै भूमिका खोजेका पुनलाई प्रचण्डले नयाँ जिम्मेवारी दिएका थिए। बालुवाटारमा तीन महिनायता दुई विकल्पमा छलफल गरिएको थियो। पहिलो, मन्त्री फेर्ने। दोस्रो, त्यसो हुन नसके 'कोर्स करेक्सन' गर्ने।

प्रचण्डले मन्त्री परिवर्तनको प्रस्ताव देउवासामु राखे। मन्त्री परिवर्तनको कुरा गर्दा देउवाको जहिले पनि जोड हुन्थ्यो– गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई हटाउनुपर्‍यो। प्रचण्डको जोड हुन्थ्यो– अर्थमन्त्री डा. प्रकाशशरण महत हटाउनैपर्छ। प्रचण्डले श्रेष्ठको बचाउ गर्दै सरकारले राम्रो काम गर्नुमा गृहमन्त्रीको हात रहेको तर अर्थमन्त्रीका कारण समस्या परेको बताउँथे। देउवा भन्थे, 'मुलुक श्रीलंकाको बाटोमा छ भन्या होइन ? त्यसबाट बचाएका अर्थमन्त्रीलाई किन कारबाही गर्ने ? गठबन्धनका दुई शीर्ष नेता यस्तै कुरामा अल्झिइरहेका बेला माओवादी नेता पुनले 'कोर्स करेक्सन'को बाटो तय गरेका थिए। एमालेबाट विष्णु पौडेल, विष्णु रिमाल र निरज आचार्य लगातार छलफलमा थिए। यी चार नेताले नै बालुवाटार र बालकोटको डोरी बलियो बनाउने काम गरे।

पहिले एमाले नेताहरू माओवादीको भर परेका थिएनन्। राष्ट्रियसभा निर्वाचनका बेला धोका दिएको, ०७९ पुस १० गतेको सहमति तीन महिना नहुँदै भंग गराएको आरोप उनीहरूको थियो। कांग्रेस सभापति देउवासँग पटकपटक वार्ताको प्रस्ताव राख्दा पनि बेवास्ता गरिएपछि एमाले अध्यक्ष ओली फेरि प्रचण्डसँगै हात मिलाउने अवस्थामा पुगेका थिए। "यो सरकारलाई कर्मचारीतन्त्रले पनि टेरेको छैन, निजी क्षेत्रले पनि विश्वास गरेको छैन," पुनको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, "त्यसैले एमाले र माओवादी मिलेर अघि बढ्नुपर्छ भनेर उहाँ तीन महिनादेखि लागिरहनुभएको थियो।" कांग्रेस महासमितिमा उपसभापति पूर्णबहादुर खड्काले 'जनयुद्धका कारण अर्थतन्त्रमा परेको असर', महामन्त्री गगन थापाले अर्को निर्वाचनमा कांग्रेसले कसैसँग गठबन्धन नगर्ने, पार्टीभित्र हिन्दुवादी समूहले दिएको दबाबपछि माओवादीलाई गठबन्धन तोड्ने बहाना मिलेको थियो।

त्यसअघि, कोसी प्रदेशको सत्ता फेरबदल र राष्ट्रियसभा निर्वाचन पनि माओवादीलाई चित्त दुखाउने कारण थिए। एमालेसँग करिबकरिब सहमतिमा पुगेपछि माओवादीले कांग्रेसबाट छुट्टिने निर्णय गरेको थियो। ओलीले रातो कार्पेट बिछ्याउँदै स्वागत गर्न तयार भएपछि प्रचण्ड पनि पाइला फेर्न तम्सिएका थिए। "योबीचमा अर्थमन्त्री हटाउन देउवा तयार भएको भए यो कोर्स रोकिन पनि सक्थ्यो," कांग्रेसका एक नेताले भने, "तर, देउवा अन्तिम समयमा मात्र डा. महतलाई हटाउन सहमत भएका थिए।" माओवादी र एमालेबीच अनौपचारिक सहमति भएको हुँदा गठबन्धन जे पनि हुन सक्ने जानकारी देउवाले आइतबारै पाएका थिए। त्यसपछि उपसभापति समेत रहेका रक्षामन्त्री पूर्णबहादुर खड्कालाई बालुवाटार पठाएर अर्थमन्त्री हटाउन सकिने आश्वासन दिएका थिए, तर धेरै ढिला गरी।

माओवादीलाई फकाउन देउवाले अर्थमन्त्रीलाई 'प्रचण्डले चाहेका के–के हुन्, ती छाडिदिनू' भनेका थिए। तर, प्रचण्डले 'कोर्स करेक्सन'को संकेत गरेपछि 'अर्थमन्त्री पनि हटाऊँ, माओवादीले लिने के–के हो, प्रधानमन्त्रीलाई कसरी सहज हुन्छ, छलफल गरौँ' भन्ने प्रस्ताव कांग्रेसले गरेको थियो। कांग्रेस नेताहरूलाई आइतबार बालुवाटारबाट बिदा गर्नुअघि प्रचण्डले पुस १० मा बालकोटमा बनेको गठबन्धन ब्युँताइसकेका थिए। राष्ट्रपतिको निर्वाचनसँगै बनेको गठबन्धन उनले भत्काइसकेका थिए। विगतमा जस्तै यसपल्टको गठबन्धन पनि सत्ता हस्तान्तरणका बेला भत्कने नै थियो। ओलीलाई भत्काउनै थियो, प्रचण्डलाई सरकारको नेतृत्वबाट बाहिरिन मन थिएन। कांग्रेससँगको सहमतिअनुसार अबको ६–८ महिनापछि प्रचण्डले जसरी पनि सरकारको नेतृत्व छाडिदिनुपर्ने हुन्थ्यो। त्यसनिम्ति प्रचण्ड तयार थिएनन्। उनका लागि अहिलेजस्तो 'सुनौला मौका' त्यस बेला नआउन सक्थ्यो।

अहिलेको खेलले प्रचण्डको सत्तायात्रा लम्बिन्छ, यो प्रचण्डको चाहना थियो। तर, प्रचण्डले कांग्रेससँगको गठबन्धन जोगाउन चाहेको भए विवादित मन्त्रीसहित अर्थमन्त्री आफैँ हटाउन सक्थे। त्यसो नगरी उनले सिधै आफ्नो सत्ता लम्ब्याउने दाउ पर्खिरहेका थिए। के हेक्का गरेनन् भने पुस १० को गठबन्धन लामो समय गएको थिएन। फेरि पनि जान सक्ने ग्यारेन्टी छैन। सोमबार निवासमा नेताहरूबीचको छलफलमा देउवाले भने– प्रधानमन्त्रीलाई काम गर्न अनुकूल पार्न आफूले हरप्रयत्न गरेको तर धोका दिएर गठबन्धन तोडे। "मैले गठबन्धनमा आशंका नबढोस् भनेर केपी ओलीको फोन आउँदा समेत टार्ने काम गरेँ," देउवाले बैठकमा भनेका थिए, "तर, उनले धोका दिएर गठबन्धन तोडे। गठबन्धन तोड्नु कांग्रेसलाई मात्र होइन, जनतालाई समेत धोका दिएको हो।" उनले कुनै मन्त्रीमाथि अभियोग लाग्दैमा हटाउने कुरा उपयुक्त नभएको बताएका थिए। त्यसको पुष्टि भएपछि हटाउन आफूले सल्लाह दिएको नेताहरूलाई जानकारी गराएका थिए।

# विश्वभर एक अर्ब मानिसमा मोटोपनको समस्या



अहिले विश्वभर नै मोटोपनबाट पीडित हुनेको संख्या बढिरहेको छ। यसमा व्यस्त जीवनशैली र बदलिंदो खानपान मुख्य कारण हुन्। मेडिकल जर्नल ल्यान्सेटमा प्रकाशित एक अनुसन्धानअनुसार विश्वभर मोटोपनबाट पीडितको संख्या एक अर्बभन्दा बढी छ। जसमध्ये वयस्कको संख्या ८८ करोड र बालबालिकाको संख्या १५ करोड ९० लाख छ। महिलामा मोटोपनको दर उच्च भएको देशमा दुई ओसनिया मुलुक टोङ्गा र सामोआ छन् भने पुरुषमा तीव्र रुपमा मोटोपन बढिरहेका देशमा सामोआ र नाउर छन्। यी मुलुकमा ७० देखि ८० प्रतिशत पुरुष मोटोपनको सिकार भएका छन्।

पुरुषमा मोटोपन तीव्र रुपमा बढिरहेको देशमा बेलायत ५५ औं स्थानमा छ भने महिलातर्फ यो ८७ औं स्थान छ। अमेरिका पुरूषमा मोटोपन छिटो वृद्धि हुने सूचीको १० औं छ भने महिलामा ३६ औं स्थानमा छ। भारतमा महिलातर्फ १९ र पुरुषतर्फ २१ औं स्थानमा छ। चीनमा महिलामा मोटोपनको दर ११ र पुरुषको दर ५२ औं स्थानमा छ। वैज्ञानिकहरुको टोलीले मोटोपनसँग लड्न नयाँ कदम चाल्नुपर्ने सुझाव दिएको छ। मोटोपनले मुटुरोग, टाइप २ मधुमेह र क्यान्सर जस्ता रोग निम्त्याउन सक्छ।

**बालबालिका र किशोरकिशोरीमा मोटोपन तीव्र**

इम्पेरियल कलेज लण्डनका वरिष्ठ अनुसन्धानकर्ता माजिद इज्जतीका अनुसार धेरै देशमा मोटोपन बढ्नुको मुख्य कारण अस्वस्थकर खानपान हो। 'केही अवस्थामा यो मार्केटिङ कम्पनीहरूको आक्रामक रणनीति हो, जसले अस्वस्थ खानालाई बढावा दिइरहेको,' उनी भन्छन्। यसबाहेक कहिलेकाहीं स्वस्थ खानाको मूल्य महँगो हुँदा वा नपाउँदा पनि मानिस मोटोपन बढाउने खानेकुरालाई प्राथमिकता दिन बाध्य हुने उनी बताउँछन्।

प्राध्यापक इजिप्टी लामो समयदेखि मोटोपनसम्बन्धी तथ्यांकको विश्लेषण गर्दै आइरहेका छन्। मोटोपनको बढ्दो गति र त्यसको बदलिंदो तस्वीर देखेर उनी अचम्भित छन्। अहिले धेरै देशले मानिसमा मोटोपन बढ्ने समस्याको सामना गरिरहेका छन्। अध्ययन प्रतिवेदनअनुसार सन् १९९० देखि २०२२ सम्म बालबालिका र किशोरकिशोरीमा मोटोपनको दर चार गुणाले बढेको छ। यो दर वयस्क महिलामा दोब्बर बढीले वृद्धि भएको छ भने वयस्क पुरुषमा तीन गुणा छ।

यसैबीच, कम तौल भएका वयस्कको अनुपात ५० प्रतिशतले घटेको छ। तर गरिब मुलुकहरुमा अझै पनि यो समस्या रहेको अनुसन्धानकर्ताहरू बताउँछन्।

**कोभिड पनि मोटोपनको कारण**

प्राध्यापक इजिप्टी भन्छन्, 'जलवायु परिवर्तनको प्रभाव, कोभिड–१९ र युक्रेन युद्धजस्ता कारणले पनि बढी तौल र कम तौल दुवैको समस्या बढाएको छ। किनभने यी अवस्थाले गरिबी बढेको छ र मानिसहरू पौष्टिक खानाबाट टाढिएका छन्।' डब्लुएचओसँगको सहकार्यमा १५ सयभन्दा बढी अनुसन्धानकर्ताहरूको सञ्जालले पाँच वर्ष वा सोभन्दा माथिका २२ करोड मानिसको उचाइ र तौल नापेको थियो। यसका लागि बडी मास इन्डेक्स अर्थात् बीएमआईको सहयोग लिइएको थियो। –बीबीसीबाट

# के के कारणले ढल्यो त माओवादी–कांग्रेसको गठबन्धन ?

**अर्जुन पोखेल**

काठमाडौं, २१ फाल्गुन। केही समयअघिसम्म ठिकठाक चलिरहेको कांग्रेस र माओवादीसहितको सत्ता गठबन्धन एकाएक ढल्यो। गठबन्धनमा केही दरार आएका संकेत त देखिएकै थिए तर यति छिटो भताभुंग होला भने कमैले मात्र अनुमान गरेका थिए।

**के–के कारणले गठबन्धन ढल्यो त ?**

गएको वर्षको पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले त्यति बेला संसदबाट ऐतिहासिक मत पाउनुभयो। उहाँले संसदमा भएका लगभग सबै दलको मत पाउनुभएको थियो। कांग्रेस सरकारमा थिएन तर प्रधानमन्त्रीलाई विश्वासको मत दिएको थियो। यसलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले 'कांग्रेसले ढोक्सा थापेको' प्रतिक्रिया दिनुभएको थियो। हुन पनि त्यस्तै भयो, फागुनमा भएको राष्ट्रपतिको चुनावमा माओवादीले कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई समर्थन गर्ने निर्णयसँगै एमाले सरकारबाट बाहिरियो। बिस्तारै राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका दल पनि बाहिरए। कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीलगायतले सरकार चलाएका थिए। गठबन्धन ठिकठाक अवस्थामै थियो।

तर माओवादी र कांग्रेसबीचको सम्बन्धमा पहिलो ठेस लागेको थियो, गएको पुस १० गतेपछि। आफू प्रधानमन्त्री बनेको एक वर्ष पुगेको अवसरमा पत्रकार सम्मेलन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कमजोर कार्यसम्पादन भएका मन्त्री तुरुन्तै हटाउने घोषणा गर्नुभयो। त्यसका लागि उहाँले कांग्रेसका सभापति शेरबहादुर देउवासँग पटक–पटक सहयोग माग्नुभयो। तर नेपाली कांग्रेसले मन्त्री फेर्न चासो देखाएन। प्रचण्डले यो विषयमा देउवासँग भेटेरै चित्त दुखाउनुभएको थियो।

कांग्रेस–माओवादी सम्बन्धमा अर्को ठेस लगाइदियो– राष्ट्रिय सभा चुनावले। गएको माघमा भएको राष्ट्रिय सभाको चुनावमा गठबन्धनका सबै उम्मेदवार विजयी भए तर कोशी प्रदेशमा नेपाली कांग्रेसका मतदाताले मत नदिँदा माओवादीकी चम्पा कार्की पराजित हुनुभयो। प्रतिनिधि सभामा हारेका कृष्णप्रसाद सिटौलालाई समेत बोकेर हिँडेको माओवादीले आफ्नै उम्मेदवार पराजित हुँदा निकै चित्त दुखाएको थियो। माओवादी–कांग्रेसबीच चिसिएको सम्बन्धमा थप भूमिका खेल्यो, गएको फागुन ७ गतेदेखि ललितपुरमा भएको महासमिति बैठकले। बैठकमा महामन्त्री गगन थापाले गठबन्धनको चर्को विरोध गर्दा हल तालीले गुञ्जायमान भयो। धेरै कार्यकर्ता गठबन्धनको विरोधमा देखिए। अब चुनावअघि गठबन्धन नगर्ने 'ग्यारेन्टी' महासमितिको बैठकले गर्नुपर्ने महामन्त्री गगन थापाको प्रस्तावलाई धेरैले प्रशंसा गरे। त्यस्तै उपसभापति पूर्णबहादुर खड्काले पेस गरेको प्रतिवेदनमा माओवादीको सशस्त्र युद्धलाई 'हिंसात्मक युद्ध' का रूपमा व्याख्या गर्दै त्यो युद्धले नेपाली समाज र विकासलाई पछाडि धकेलेको उल्लेख थियो।

यो विषयमा प्रधानमन्त्री प्रचण्डले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेटेरै असहमति जनाउनुभयो। देउवाले प्रतिवेदन सच्याउने आश्वासन दिएका समेत समाचार बाहिरिए। अर्को कुरा, नेपाली कांग्रेसको तर्फबाट स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेका मोहनबहादुर बस्नेत दूरसञ्चार अनुगमन प्रणाली (टेरामक्स) खरिद प्रक्रियामा भएको अनियमिततामा जोडिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बारम्बार बयानका लागि बोलाएको थियो। राजीनामा दिनु वा प्रधानमन्त्रीले हटाउनुको साटो मन्त्रीको झण्डा हल्लाउँदै अख्तियारमा बयान दिन गएको भन्दै चौतर्फी आलोचना भयो। तर पनि कांग्रेसले बस्नेतलाई फिर्ता बोलाएन। मन्त्री बस्नेतका कारण सरकार नै बदनाम भएको भन्दै प्रचण्डले देउवासँग कुरा राख्नुभयो। देउवाले यो पटक पनि प्रचण्डलाई टेर्नुभएन।

यस्तै अर्थतन्त्रमा निकै धेरै समस्या आउँदा पनि अर्थमन्त्री डाक्टर प्रकाशशरण महतले पटक्कै सहयोग नगरेको प्रचण्डको गुनासो थियो। बारम्बार अर्थमन्त्री परिवर्तनको आग्रह पनि देउवाले बेवास्ता गर्नुभयो, प्रचण्ड झन् समस्यामा पर्नुभयो। गठबन्धन भत्कनुको अर्को पनि कारण छ, माओवादीले राष्ट्रिय सभाको अध्यक्षमा आफ्नै दाबी पेस गर्ने निर्णय गर्नु। कृष्णप्रसाद सिटौलालाई राष्ट्रिय सभाको अध्यक्ष बनाउन ठिक्क परेको कांग्रेस झस्कियो। अब चाँडै सरकारको नेतृत्व छाड्ने भएकाले राष्ट्रिय सभाको अध्यक्ष आफूहरूले नै पाउनुपर्ने माओवादीको अडान थियो, कांग्रेसले अनौपचारिक तरिकाले यसलाई अस्वीकार गरिदियो। पछिल्लो समय त नेपाली कांग्रेसले शान्ति प्रक्रिया टुंग्याउने विषयमा समेत निहुँ खोजिरहेको कुरा प्रचण्डले पार्टीका बैठकमै भन्न थाल्नुभएको थियो।

मुख्यतः यिनै कारणले अहिलेको गठबन्धन ढल्यो। अब माओवादी, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टी मिलेर नयाँ गठबन्धन बनाएका छन्। गठबन्धनमा अरू पनि थपिने सम्भावना छ। अहिले सरसर्ती हेर्दा एमाले र माओवादीले आधा–आधा कार्यकाल सरकार चलाउने देखिन्छ। तर नेपालमा गठबन्धन बन्न र ढल्न कुनै ठूलो बहाना चाहिँदैन भन्ने कुरा सबैले देखे/भोगेकै छन्। त्यसैले भोलि के हुन्छ भन्ने अनुमान गर्न गाह्रो छ।

# फेरि–फेरि सत्ता गठबन्धन



काठमाडौं, २१ फाल्गुन। एक वर्षपछि फेरि सत्ता समीकरण फेरिएको छ। माओवादी केन्द्रका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालकै नेतृत्वमा बनेको नयाँ गठबन्धन प्रधानमन्त्रीको निरन्तरतामा सिमित रहने हो वा देशमा विद्यमान चुनौतीको सामना गर्न सक्षम हुने हो, यसको सान्दर्भिकता त्यसैमा निहित हुने छ।

२०७४ सालको आमनिर्वाचनमा नेकपा एमाले र माओवादीबीच भविष्यमा पार्टी एकता गर्ने गरी एउटै चुनावी घोषणापत्रमा निर्वाचनमा जाने सहमति भयो। त्यो सहमति हुँदा माओवादी कांग्रेस नेतृत्वको सरकारमा थियो। सत्ता साझेदार कांग्रेसलाई झड्का दिने गरी बडादशैंको माहौलबीच भएको त्यो निर्णय आकस्मिक र आश्चर्यजनक मानिएको थियो। त्यसबेलाको बामगठबन्धनले राम्रै काम गर्‍यो। एमाले एक्लैले १२१ सीट हाँसिल गरेको त्यो निर्वाचनमा गठबन्धन झण्डै दुई तिहाइको नजिक पुग्यो। एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भए। निर्वाचनको प्रतिवद्धता अनुसार पार्टी एकीकरण पनि भयो। तर, लामो समय जान सकेन।

तीन वर्ष पुग्दानपुग्दै विवाद चर्कियो। एकता भंग भयो। एमाले पनि विभाजित भयो। सरकार पनि गुम्यो। माओवादी र एमालेको माधव नेपाल समूहलाई लिएर कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा नयाँ गठबन्धनको सरकार बन्यो। २०७९ सालको निर्वाचनमा यो गठबन्धन चुनावमा गयो। एमालेले एक्लै चुनावमा प्रतिस्पर्धा गर्‍यो। तर, निर्वाचनलगत्तै गठबन्धनमा विवाद आयो कसको नेतृत्वमा सरकार बनाउने भनेर। त्यही असहमतिबीच माओवादीले एमालेलगायतका दलसँग २०७९ पुस १० गते नयाँ गठबन्धन बनायो र दाहाल प्रधानमन्त्री बने। तर, यो पनि लामो समयसम्म टिक्न सकेन। दुई महिना बित्दा नबित्दै फागुन१२ गते दाहाल पुनः कांग्रेससहितको पुरानो गठबन्धनमा फर्किए। एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा विपक्षमा पुगे। तर, एक वर्षपछि राजनीतिक समीकरण फेरि बदलिएको छ।

माओवादी, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टीलगायतको नयाँ गठबन्धन निर्माण भएको छ। मूलतः बाम झुकावको गठबन्धन नाम दिइएको नयाँ समीकरणसँगै कांग्रेस अब प्रमुख विपक्षीको बेञ्चमा पुगेको छ भने एमाले सत्ता पक्षमा सरेको छ। साविक गठबन्धन भत्किनुमा सत्तारुढ दलबीच राष्ट्रिय सभाको अध्यक्ष निर्वाचन, मन्त्रीको फेरबदल, कार्यशैली र कांग्रेस महासमितिबाट पारित दस्तावेजलगायतलाई मुख्य कारण मानिएको छ। संक्रमणकालीन न्यायको विषयलाई टुंग्याउने सन्दर्भ पनि जोडिएको थियो। सरकारको कार्यसम्पादन अत्यन्तै कमजोर रहनु, मन्त्रिपरिषद्भित्र समन्वय र स्पिरिट नमिल्नु, सत्ता पक्षबीच सैद्धान्तिक बैचारिक मतभेद रहनु जस्ता विषयलाई पनि कारण मानिएको छ।

नयाँ गठबन्धन बन्दै गर्दा धेरैले यसलाई प्रधानमन्त्री दाहालको सरकारको नेतृत्वलाई निरन्तरता दिने चालबाजीका रुपमा लिएको देखिन्छ। यसले अस्थिरतालाई निरन्तरता दिने विश्लेषण गर्नेको पनि कमी छैन। यद्यपि वैचारिक दृष्टिले

## निजामती सेवा विधेयक संसदमा दर्ता :

# उमेरहद ६० वर्ष प्रस्ताव, प्रदर्शन–हड्ताल गर्न प्रतिबन्ध

काठमाडौं, २१ फाल्गुन। सरकारले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद् सचिवालयमा दर्ता गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आज संसद् सचिवालयमा विधेयक दर्ता गराएको हो। यो विधेयकलाई संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिएको छ। विधेयकमा निजामती कर्मचारीहरूको अवकाशको उमेर हद ६० वर्ष कायम गर्ने प्रस्ताव छ। अहिले निजामती कर्मचारीहरूले ५८ वर्षमा अवकाश पाउँदै आएका छन्।

त्यस्तै विधेयकमा प्रदेशको मन्त्रालय र पालिकाका प्रमुख प्रशासकीय अधिकृत ऐन लागू भएको१० वर्षसम्म केन्द्रबाटै पठाउने व्यवस्था गर्न प्रस्ताव गरिएको छ। १० वर्षपछि पालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रदेशको स्थानीय सेवाअन्तर्गत रहनेछन्। प्रदेश सरकारको प्रमुख सचिवको पद भने संघीय निजामती सेवाको पद हुने व्यवस्था विधेयकमा गरिएको छ। समायोजन भएर गएका कर्मचारीहरू सम्बन्धित प्रदेश निजामती सेवामा कायम रहनेछन्। विधेयकले निजामती कर्मचारीहरूलाई राजनीतिक दल, राजनीतिक दलको भ्रातृ सङ्गठन र राजनीतिक दलको जनवर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध पेसागत संगठनको सदस्यता लिन राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन प्रतिबन्ध लगाएको छ। त्यस्तै विधेयकमा सरकारका नीतिको आलोचना गर्न, लेख लेख्न वा सञ्चारमाध्यमलाई खबर दिनसमेत रोक लगाएको छ। विधेयकमा कर्मचारीहरूलाई प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध लगाइएको छ।

# साम्प्रदायिक सद्भाव कायम गर्न समुदायमा पुग्दै प्रहरी



महोत्तरी, २१ फाल्गुन। मधेस प्रदेशमा प्रहरी प्रशासनले साम्प्रदायिक सद्भाव कायम गर्न अभियान थालेको छ। सोमबार महोत्तरीको सम्सी गाउँपालिका-१ र ३ मा हिन्दु र मुस्लिम समुदायका व्यक्तिहरूसँग छुट्टा–छुट्टै अन्तरक्रिया गरी अभियान सुरु गरेको प्रहरीले जनाएको छ। अभियान लिएर सम्सी पुगेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानको प्रहरी टोलीले स्थानीयसँग शान्ति सुरक्षाबारे अन्तरक्रिया गरेको सशस्त्र प्रहरी मधेस प्रदेशका प्रमुख (डिआईजी) दिपेन्द्र साहले जानकारी दिए।

मधेसका विभिन्न जिल्लामा बेलाबखत साना विषयबाट साम्प्रदायिक द्वन्द सिर्जना हुने गरेकाले कसरी सद्भाव कायम गर्न सकिन्छ भन्ने योजना अनुरुप प्रहरीले यस्तो अभियान सुरु गरेको साहले बताए। समुदायमै पुगेर प्रहरीले सद्भाव कायम गराउन यस्ता कार्यक्रम संचालन गर्ने योजना लिएको साहले बताए। अन्तरक्रियामा स्थानीयले जुनसुकै धर्म मानेता पनि आफूहरुमा द्वन्द्व नहोस् भन्ने चाहाना रहेको बताएका छन्। सानो कुरालाई धर्ममा जोड्ने र ठूलो बिषय बनाएर द्वन्द्व सिर्जना गर्ने कार्य ब्यक्तिबाट सुरु हुने भएकाले त्यस्तो ब्यक्तिलाई नियन्त्रणमा लिएर कारबाही गर्न पनि उनीहरुले प्रहरीलाई आग्रह गरेका छन्।

जात र धर्मका नारा लगाएर अहिलेपनि एकाअर्कामा घोचपेच भइरहेकाले सबै नारा छाडेर 'हामी सबै नेपाली' भन्ने मुल मर्मलाई अघि सार्नुपर्ने स्थानीय महमद मफुल आलमले बताए। साम्प्रदायिक सद्भाव भड्काउन केही तत्व सक्रिय हुने भएकाले सुरक्षा निकायलाई चनाखो रहन आग्रह गरेको बताउँदै महोत्तरी प्रहरी प्रमुख एसपी श्याम कुमार राईले स्थानीय र सबै समुदाय पनि सचेत रहनुपर्ने बताए।

परिवार, छिमेकी, दाजुभाईमै हुने किसिमका झगडालाई अनावश्यक कोही कसैले पनि धर्मसँग जोड्न नहुने महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बताए। आपसी भाइचारा कायम राखी सबैमा सद्भाव बाढ्ने र असल नागरिक बन्ने प्रयत्न गर्न उनले सबैलाई आग्रह समेत गरे।

महोत्तरीबाट सुरु भएको साम्प्रदायिक सद्भाव कायम गराउने अभियान मधेसका ८ वटै जिल्लामा संचालन हुने प्रहरीले जनाएको छ। पहिलो चरणमा छुट्टा–छुट्टै समुदायसँग बसेर अन्तरक्रिया गरिने र दोस्रो चरणमा पुन सबै समुदायलाई एकै ठाउँमा राखेर अन्तरक्रिया गर्ने योजना रहेको नेपाल प्रहरीका मधेस प्रदेश प्रमुख (डिआइजी)यज्ञ विनोद पोखरेलले जानकारी दिए।

# २१ लाख नगदसहित पाँच जना पक्राउ

**शिवशंकर मिश्रा**

बारा, २१ फाल्गुन। हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा २१ लाख नगदसहित पाँच जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा कलैया उपमहानगरपालिका-७ बस्ने मोतजार मियाको छोरा सोहिठाउ-४ मा आसिफ मनि चेन्जर सञ्चालन गरेका ३१ वर्षीय कलामुदिन अन्सारी, महागढीमाइ नगरपालिका-१ बस्ने जलिल मिया अन्सारीको ३९ वर्षीय छोरा मेराजुल हक अन्सारी रहेको बारा प्रहरीले जनाएको छ। यसैगरी भारतको बिहार राज्य मोतिहारी जिल्ला आदापुर थाना हरपुर पञ्चायत नायकाटोला बस्ने शम्भु साहका २९ वर्षीय छोरा रञ्जित सरार्फ, सोही ठाउँ श्यामपुर टोल बस्ने ४२ वर्षीय कृष्णालाल प्रसाद र अरेराज बस्ने ४० वर्षीय रविशंकर सिंह रहेको बाराका प्रहरी उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताउनुभयो। फागुन १८ गते रञ्जितलाई अदालत नजिकैबाट नगद पाँच लाखसहित पक्राउ गरी अनुसन्धान सुरु गरेको छ। यसैगरी अन्य चार जनालाई भने आइतबार बेलुकी ४ बजे विश्रामपुर गाउँपालिका-१ छतवाबाट पक्राउ गरिएको उहाँले जानकारी दिनुभयो।

उनीहरू भारतबाट बिआर ०५ एआर ३५०९ नम्बरको मोटरसाइकलबाट नेपाल आएपछि चेकजाँच गर्दा १६ लाख ९ हजार बरामद भएको छ। यसरी पक्राउ परेका माथि बैंक तथा बितिए संस्था सम्बन्धी कसुर मुद्दा दर्ता गरी जिल्ला अदालतबाट ७ दिनको म्याद थपगरी आवश्यक प्रक्रिया सुरु गरिएको प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताउनुभयो। साथै उनीहरू माथि मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २२ अन्तरगत मुद्दा सम्बन्धी कसुरमा थप अनुसन्धान सुरु गरिएको छ। नक्कली नोट कारोबारमा कानुनी व्यवस्था अनुसार १० वर्षसम्म कैद र एक लाखसम्म जरिवाना हुनसक्ने कानुनी प्रावधान रहेको कानुन व्यवसायी शिवनाथ प्रसाद यादवले बताउनुभयो।

# सरकारमा जान जनमतले राख्यो मधेशको मुख्यमन्त्री शर्त

काठमाडौं, २१ फाल्गुन। नयाँ सत्ता गठबन्धनमा सहभागी हुन जनमत पार्टीले शर्त राखेको छ। नेपाली काग्रेस नेतृत्वको गठबन्धन छोडेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीसँग गठबन्धन गर्ने सहमति गरेपछि जनमत पार्टीको सचिवालय बैठक बसेको थियो। बैठकले संघीय सरकारमा राम्रो मन्त्रालय सहित मधेश प्रदेशको मुख्यमन्त्री पाउनुपर्ने अडान लिएको छ। 'हामीलाई विगत एक वर्षमा मधेशमा पनि सही मूल्यांकन भएको छैन र संघमा पनि राम्रो समन्वय गरिएको छैन', पार्टी सचिव बीपी साहले भने, 'यस्तो बेला कुरा गरेर मात्रै निर्णय लिने भएका छौं।'

# मोरङमा सशस्त्रका डीएसपी मृत भेटिए

काठमाडौं, २१ फाल्गुन। मोरङमा सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक (डीएसपी) मृत अवस्थामा भेटिएका छन्। डीएसपी उपेन्द्र बस्याल धनपालथान गाउँपालिका-३ मा आफ्नै कोठामा मृत भेटिएका जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। कार्यालय परिसरमा रहेको क्वार्टरमा झुन्डिएको अवस्थामा डीएसपी बस्यालको शव फेला परेको प्रहरी नायब उपरीक्षक (डीएसपी) रञ्जनकुमार दाहालले जानकारी दिनुभएको छ।


## भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरू

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ :

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा,
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिंग वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्होर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बरारको नगद सटहीको प्रमाण।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पर्सा गाउँपालिकामा तालाबन्दी भएको २१ दिन नाघ्यो, अझै खुलाउने पहल भएन



सर्लाही, २१ फाल्गुन। जनप्रतिनिधि के तालाबन्दीका कारण सर्लाहीको दक्षिण-पूर्वी भेगस्थित पर्सा गाउँपालिकाको कामकाज २१ दिनदेखि ठप्प बनेको छ। तीन सातादेखि गाउँपालिका कार्यालयमा तालाबन्दी जारी रहँदा सेवाग्राही मारमा परेका छन्। गाउँपालिकाका बहुमत कार्यपालिका सदस्यले विभिन्न १९ बुँदे माग राख्दै फागुन १ गतेदेखि गाउँपालिका कार्यालयमा तालाबन्दी गरेका हुन्।

गत आर्थिक वर्ष २०७९/०८० को आय-व्ययको फाँटवारी उपलब्ध गराउनुपर्ने, शाखा प्रमुखहरूको कामकाज सन्तोषजनक नभएकाले हेरफेर वा आवश्यकताअनुसार हटाउनुपर्ने, स्थायी, करार र दैनिक ज्यालादारी कर्मचारीको तलबसहित नामावली विवरण उपलब्ध गराउनुपर्ने, इन्धन खर्चको विवरण उपलब्ध गराउनुपर्ने, २०७४ सालदेखि अहिलेसम्मको पेस्की र बेरुजु फर्छ्यौट गर्नुपर्नेलगायतका माग आन्दोलित जनप्रतिनिधिको छ।

पर्सा गाउँपालिका-२, सङ्कामपुरका वडाध्यक्ष राकेश रामले आफूहरूले यी माग राखेर तालाबन्दी गरेको तीन साता बितिसक्दा पनि छलफलबाट समस्याको निकास निकाल्न कुनै पहल नभएको बताए। 'प्रमुख प्रशासकीय अधिकृतले हामीले मागेका यि सूचना कार्यालयको गोपनीयतासँग जोडिएको भन्दै दिन मिल्दैन भनिरहनु भएको छ, जनप्रतिनिधिलाई नै सूचना दिँदा गोपनीयता कसरी भंग हुन्छ ?' वडाध्यक्ष रामले भने, 'जबसम्म हाम्रो माग सम्बोधन हुँदैन तबसम्म हामी ताल्चा खोल्ने पक्षमा छैनौं।' वडाध्यक्ष रामका अनुसार सुरुमा कार्यपालिका बैठकबाटै १९ बुँदे माग पूरा गर्ने र बहुमत जनप्रतिनिधिले मागेको सूचना उपलब्ध गराउने निर्णय भएपनि पछि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत कार्यपालिकाको निर्णयबाट पछि हटेपछि समस्या भएको हो।

पर्सा गाउँपालिकामा१५ जनाको कार्यपालिका सदस्य रहेको छ। त्यसमध्ये चार जना वडाध्यक्ष र चार जना सदस्यसहित आफूहरू बहुमत सदस्यले १९ बुँदे माग राखेर गाउँपालिकामा तालाबन्दी गरेको पर्सा गाउँपालिका-४, जिंगडवाका वडाध्यक्ष सुवोध राय यादवले बताए। कार्यालयको मुलगेटमै तालाबन्दी भएपछि कर्मचारी २१ दिनदेखि कार्यालयमा आएका छैनन्। लगातार २१ दिनको बन्दले पालिकाबाट हुने सबै काम ठप्प भएको स्थानीय चन्दनकुमार मिश्राले बताए।

आन्दोलित पक्षबाट गाउँपालिकामा कार्यरत वन प्राविधिक राजेशप्रसाद यादव, प्रशासन, योजना तथा जिन्सी शाखाका नायब सुब्बा उपेन्द्र राय यादव र सूचना तथा संचार प्रविधि अधिकृत विमलेश रायलाई हटाउनुपर्ने माग अघि सारिएको छ। प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार यादवले संघीय सरकार मातहतका कर्मचारी गाउँपालिकाले हटाउन नसक्ने बताए।

उनले जनप्रतिनिधिले मागेका सूचना प्रदान गर्न र कर्मचारीमा रहेका कमी कमजोरी सुधार गर्न आफू तयार नै रहेको बताए। गाउँपालिका कार्यालय बन्द रहे पनि वडा कार्यालय र मातहतका अन्य कार्यालय भने नियमित सञ्चालन भइरहेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)